प्रस्तुतकर्ता
चन्द्र राई "आकाश"
अधिवक्ता

# द किरात राई सोसाइटी अफ अमेरिका, यसले खेल्नु पर्ने भूमिका र यसका चुनौतीहरू

**पृष्ठभूमिः**

आजभन्दा दुई वर्ष अगाडि अमेरिकामा बस्ने राईहरूको पहिलो साधारण बैठक/सभा बोल्डर, कोलोराडो मे ८, २००४ द्वारा जव "Mission Statement and **B**y Laws" अनुमोदित भयो । त्यसपछि विधिवत रुपले The Kirat Rai Society of America (KRSA) को जन्म हुन पुग्यो । स्थापना भए पश्चात शुरुका दिनहरुमा सुस्त रहे तापनि अहिले यसका गतिविधिहरूलाई हेर्ने हो भने चुस्त भई अगाडि बढिरहेको देखिन्छ । यो सम्पूर्ण किरात राई जतिको लागि हर्षको विषय हो भने यस कार्यले अरु समुदायहरूमा समेत सकारात्मक भूमिका खेल्न सक्ने देखिन्छ । जसको लागि के.आर.एस.ए.ले अरु समुदायहरूसँग पनि पारस्पारिक हितको लागि सुमधुर सम्बन्ध गाँस्न सक्नु पर्ने देखिन्छ ।

संगठनको संचालन तथा व्यवस्थापन भन्ने कुरा अति जटिल काम हो । जसका सारभूत मान्यता र सिद्धान्तहरूलाई व्यवहारमा प्रस्तुत गर्न गाह्रो हुन्छ । र, त्यस्ता कार्यहरूको आफ्नै कार्यविधिहरू हुन्छन् । त्यसकारण कुनै पनि संस्थाले गति पाउनमा निश्चय नै यसमा रहेका पदाधिकारीहरूको प्रमूख भूमिका रहन्छ । दोस्रो, संगठनलाई अझ गतिशिल बनाउनमा यसलाई सहयोग, सल्लाह, सुझाव दिनेहरूको रहेको हुन्छ । तेस्रो, संगठनलाई गरिने सकारात्मक र नकारात्मक टीका-टिप्पणीको पनि उत्तिकै गहन भूमिका रहेको हुन्छ । जसलाई जिम्मेवार व्यक्तिहरूले सही तवरबाट मूल्याङ्कन र ग्रहण गर्न सके ती कुराहरूबाट पनि संस्थाले फाइदा प्राप्त गर्न सक्ने देखिन्छ । तसर्थ, यहाँ के.आर.एस.ए. एउटा जिम्मेवार संस्था भएको अर्थमा यसवारे केही प्रसंगहरू उठाउन सान्दर्भिक ठानिएको छ ।

**विषय प्रवेशः**

The Kirat Rai Society of America भर्खर जन्मेर वामेमात्र सर्दै गरेको संगठन हो । त्यसकारण यस संस्थाले हासिल गरेका उपलब्धीहरूलाई केलाउन खोज्नु असान्दर्भिक र अतार्किक देखिन्छ । तर, यसको अर्थ यो होइन कि संस्थाले गरे नगरेका काम नै नखोज्नु ! यो यथार्थ हो । कुनै पनि संघ तथा संगठनको विशेष उद्देश्य रहेको हुन्छ । त्यसमा पनि संगठनले हासिल गर्नपर्ने कुनै लक्ष्य अति प्राथमिकतामा पर्दछ भने कतिपय प्राथमिकता र अन्य गौण बन्न पुग्दछन् । साथै त्यस किसिमका थोरै उद्देश्यहरू सजिलै हासिल गर्न सकिन्छ भने धेरै चाहिं जटिल हुन्छन् । अझ के.आर.एस.ए को सन्दर्भ वेग्लै छ किनभने यो भनेको स्वदेश (राईहरू अहिले सम्वन्धमा मूल रुपले नेपालबाट आएको) मा नभई विदेशमा रहेको संस्था हो । विदेशमा रहनु भनेको आफैंमा असहज छ । हामीमा हामीभित्र हाम्रा अनेकन समस्याहरू ज्यू का त्यू जडिएर रहेका छन् । जुन समस्याबाट उम्केर राईहरूको बारेमा काम गर्छु भन्ने मौकै छैन् । र, राईहरूको विषयमा मात्र काम गरेर कुनै पनि हालतमा भविष्य सुक्षित र सुनौलो वन्नेवाला छैन् । तर, हामीले आफ्ने जातीय मुद्धाहरूबाट पन्छेर, भागेर, टाढिएर सुःख भने पाउने ठाउँ छैन । जसको जर्गेना यो हाम्रो पुस्ताले नगरेको खण्डमा हामीले आफ्नो जातिप्रति न गर्व गर्न, नत सरम नै मान्नु पर्ने ठाउँ रहन्छ ।

फलतः हाम्रा सन्ततिहरू आफ्ना जातिको वारेमा हामीभन्दा इतिहासहिन हुनेछन् । समय वितिसक्ने छ । ती दिनहरूमा उनीहरूले आफ्ना पुर्खाहरूलाई धिक्कार्नु सिवाय केही रहने छैन । त्यसो

भए के हामीले राम्रो काम गर्‍यो ? अवश्य होइन । त्यसकारण केही त गर्नै पर्ने भएको छ किनकी दिनानु दिन हाम्रा भाषा, कला, संस्कृति र शास्त्रीय महत्व र विशेषता जस्ता कुराहरू जो विकसित हुनु पर्नेमा गिर्दै छ । जसको कारण हाम्रो जातीय पहिचान र अस्तित्वमा संकटको स्थिति सृजना भइसकेको छ । साथै यस्ता कुराको बचाउ र प्रवर्द्धन एक दुई जनाले गरेर साध्य लाग्दैन् । यसका लागि प्रयाप्त स्रोत साधन र जनशक्तिको उत्तिकै खाचो हुन्छ । त्यसैले हामी सबैले हातमा हात, काँधमा काँध, मनमा मन, तनमा तन, दिमागमा दिमाग मिलाउँदै बैज्ञानिक पद्धदिबाट नयाँ कामहरूको थालनी गर्नु पर्ने देखिन्छ । जसले हाम्रा अमुल्यनिधि कला, संस्कृति एवं सम्पदालाई संरक्षण र सम्वर्द्धन गर्न सकोस । जसबाट हामीले हामीमा भएका विकृत र दुषित संस्कारलाई त्याग्न सकौं ।

वर्तमान अवस्थामा के.आर.एस.ए. लाई हेर्ने हो भने यसको मूल काम संगठनलाई मजवुत बनाउँदै यसका विधानमा उल्लेखित उद्देश्यहरू प्राप्ति गर्ने कार्यमा जोड दिनु पर्ने देखिन्छ । यसो हेर्दा अहिले यो प्रयासरत रहेको देखिन्छ । नियमित बैठक राखी छलफल गर्नु, साकेवाको आयोजना गर्नु, प्रचार-प्रसार र प्रकाशनको शुरुवात गर्नु, संस्थालाई मजवुद बनाउन कोष खडा गर्नु, छात्रवृद्धिको लागि योजना तय गर्नु र सर-सहयोग आदन-प्रदान गर्नु जस्ता यसका कार्यहरू प्रसंशानीय देखिन्छन् । संगठनको प्रकृतिलाई हेर्दा भने यो जरा विनाको रुख जस्तै बनेको छ । किनभने यसलाई यथोचित सर-सहयोग गर्न सक्ने खालको यसको सहायक अंगहरू देखिन्दैनन् । तसर्थ, यसले यसैको मातहतमा शाखा, उपशाखाहरू (जुन राज्यहरूमा राईहरूको संख्या अधिक छ) निर्माण गरि विकल्प खोज्नु पर्ने देखिन्छ ।

विधानमा उल्लेख भए अनुरुप नभएका भने पक्कै होइनन् । तर, तिनीहरू गतिहीन अवस्थामा रहेका देखिन्छन् । तिनीहरूका आफ्नै समस्या र जटिलताहरू होलान् । यस्ता कुराहरूको जड पत्ता लगाउनु अनिवार्य विषय वनेको छ । यसो हुन सके के.आर.एस.ए. लाई नै टेवा मिल्ने देखिन्छ । स्पष्ट छ कि यो आफैमा सजिलो छैन् । भौगोलिक दृष्टिले अमेरिका अति नै ठूलो देश हो भने राईहरूको जनसंख्याको यकिन तथ्य नभए पनि लगभग चार सय रहेको अनुमान गरिन्दै आएको छ । यस्तो अवस्थामा संस्थाको क्रियाशिलता बारे अमेरिकामा बस्ने सबै राईहरूले घोत्लिएर सोच्नुपर्ने देखिन्छ ।

अर्कोतिर राईहरू अमेरिका प्रवेश गरेको समय धेरै लामो भएको छैन । त्यसकारण उनीहरूको जीवन हरेक दृष्टिले कष्टकर रहेको देखिन्छ । जहाँ विलकुलै फरक अनि प्रतिस्पर्धात्मक परिवेशमा जिउनु परिरहेको छ । अमेरिका हाम्रो सभ्यता र संस्कृतिको दृष्टिले पनि भिन्न छ भने आउँदो नयाँ पुस्तालाई हाम्रो संस्कृति सिकाउनु र बुझाउनु झनै कठिन हुनेछ । परिणामतः व्यक्ति विशेषमा आफ्नो जातिप्रति चाख नदेखिनु स्वभाविक कुरा हो भनि स्वीकार्नु युक्तिसंगत देखिन्छ । यसको प्रत्यक्ष असर हाम्रा राई पिढिहरूमा पनि पर्ने देखिन्छ । उनीहरूले यहाँको संस्कार र परम्पराहरूलाई सजिलै अनुशरण गर्नेछन् । तर, आफ्नालाई अपनाउन अप्ठ्यारो पर्नेछ । जहाँ परिस्थिति र वातारणले नै उनीहरूलाई वाध्य गराउने छ । यसका लागि गहन रुपले सोच्नु पर्ने दायित्व KRSA को काँधमा आइपरेको छ ।

यस परिप्रेक्ष्यमा एउटा सन्दर्भ जोडिन्छ कि आफू र आफ्नो जातिको बारेमा ज्ञान नहुनुले मान्छेलाई कति परिस्कृत र सभ्य बनाउँछ ! अर्कोतर्फ एउटा गतिलो तर्क छ संसार कहाँ पुगिसक्यो, यस्ता कुरामा अल्मलिएर के प्रगति हुन्छ ? कुरा ठिक हो । मान्छेका सपना र कल्पना अकल्पनीय हुन्छन् । फलतः ती असाधरण सोंच अनि जिज्ञासाले गर्दा मान्छेले अनेकौ आविष्कार गरे, नयाँ कुराहरूको पत्ता लगाए । आज मान्छे अर्को ग्रहमा मानव वस्तीको कल्पना गर्दैछ । यस्ता कुराहरूलाई हेर्ने हो भने एक जाति विशेषको कुरा गर्नु अर्थहिन नै देखिन्छ । तर, ती नयाँ सोच र सभ्यतासम्म पुर्‍याउने हाम्रा तिनै मौलिक अनि आधारभूत तत्वहरूलाई भुल्न खोज्नु कहाँसम्म न्यायोचित हुन्छ, त्यो छुट्टै वहसको विषय हो । किनभने समयले देखाउँदै आएको छ हाम्रा मानव स्वभाव, सभ्यता र संस्कृति अघि बढ्ने र पछि फर्कने क्रम जारी छ ।

यहाँ अमेरिकाका राईहरूका वारेमा चर्चा गर्दा नेपालको सन्दर्भ गाँसिन पुग्दछ । हरेक दृष्टिले हेर्ने हो भने हामी (राईहरू) पछि परेका छौ । विकासका क्रमसँगै हामीमा नयाँ तर्कना र उपायहरू नआएका होइनन् । एकातिर हामीलाई हाम्रा अज्ञानता, दरिद्रता, एकान्तताले पछि पार्‍यो भने अर्कोतिर राज्य शासन प्रणाली र पद्धतिले गलहत्याई रह्यो । जसले जनतालई समुचित रुपले सुनौलो र सुखद भविष्य निर्माणका लागि फैसला गर्न सक्ने नागरिक हक प्रदान गर्न सकेन । साथै कहिल्यै तत्परता देखाएनन् । सामाजिक कुरीति र कुसंस्कारले नेपाली समाजलाई डोर्‍यायो नै, त्यही अनुरुपका कानूनहरूको पनि निर्माण गरिए, जसले समान न्याय प्रदान गर्ने कुरै भएन। जहाँ सामन्ती, ठालुवाद र कुलिनतान्त्रीय राज्य संरचनाले शताब्दीऔ जरा गाडी राज गर्‍यो । सामान्य नागरिकले सधै दासत्वपूर्ण जीवन जिउन पर्‍यो । तिनै संकुचित विचारका सीमित शासक, जाति र व्यक्ति विशेषबाट कुनै व्यक्तिले गर्ने आफ्ना जातिप्रतिको आस्थालाई जातीयता, जातिवादी र अराजकता फैलाउने भनि प्रचार फैलाई साम्प्रदायिकताको उपमा दिईयो । यस अपव्याख्याले समग्रमा नेपाली समाजका जातिहरूमा आफ्नो जातिप्रतिको निष्ठालाई निरुत्साहित तुल्याइदियो । जसको कारण उनीहरूको समान विकास हुन सक्ने सम्भावनालाई टगारो लगाई दियो । जो सक्षम थिए, उनीहरूले सामान्य नागरिकलाई सवल वनाउनु पर्छ भन्ने मान्यता नै राखेनन् । तिनैले धार्मिक एवं जातीय कट्टरताको स्वार्थपूर्ति गरे । यो घडिमा युगले कोल्टो फेरेको छ । सम्भवनाका नयाँ मार्गहरू खुलेका छन् । जसको समुचित प्रारुप तयार गरि कार्यन्वयन हुनु सक्नु पर्ने देखिन्छ । इतिहासमा धेरै गल्तीहरू भए । ती कमजोडीहरू नदोहोरिउन, नखोजौं, र पछि नफर्कौं । अब वितेका कुरालाईभन्दा आगामी दिनहरूलाई विचार पुर्‍याउनु युक्ति संगत देखिन्छ । हामी सबैको कमी कमजोडी धेरै थिए । यदि हामीले आफूलाई जान्न र बुझ्न सके अरुलाई खोट लगाउने ठाँउ छैन । अन्ततः जातीय सुमधुर सम्बन्ध विना देश, जाति र मानव समृद्धिको कल्पना गर्न सकिन्न । यो युग युगान्तर मानव हुनुको अर्थमा महसुस हुनु पर्दछ । साथै सदा सर्वदा व्यवहारमा प्रस्तुत गर्न सक्नु पर्दछ । एउटा जातीय संस्था भएको नाताले यस्ता कुराहरूको पुष्टि गर्ने काम KRSA ले पनि गर्नै पर्ने देखिन्छ ।

माथि प्रस्तुत गरिए झै राईहरूको सर्वाङ्गिण विकासको लागि सर्वप्रथम उनीहरू बिचमा राम्रो एकता हुनपर्ने देखिन्छ । पहिले भन्दा पनि केहि समय यताका हाम्रा व्यवहारहरुलाई केलाउने हो भने त्यसो हुन सकेको देखिन्दैन । त्यसका कारण र उदाहरणहरू यहाँ चर्चा गर्न उचित देखिन्न । यो त व्यक्ति र समुदायलाई महसुस हुने, र भइसकेका कुराहरू हुन् । एकता विना हाम्रो (राईहरू) उन्नति असम्भाव्य देखिन्छ । परस्पर सद्भावलाई मलजल गर्नु अपरिहार्य विषय बनेको छ । तव एक अर्कामा आपसी विश्वास र सम्मानको भावनाले मूर्त रुप लिन सक्दछ । यदि यस कुरालाई हामीले गरेर देखाउन नसक्ने हो भने गर्न खोजेका प्रयासहरू निर्थक हुनेछ ।

आज हाम्रा मन-मस्तिष्कमा आफ्नो जातिको बारे सामान्य काम गर्नु पर्छ भन्ने भावना हुर्किसकेको छ । तर, जे सोच्छौ त्यो कार्य थालिहाल्छौं । त्यसका पनि सामान्य कार्य शैलीको वेमेल, द्वेष, संवेग र पूर्वाग्रहद्धारा अभिप्रेरित भएर, जहाँ धैर्यता र वहसले झिनो ठाउँ पाएको देखिन्दैन । त्यसले पार्न सक्ने दुरगामी असरको वारेमा गहन भई नसोचेको हो कि भन्ने भान ती कार्यहरूले अवश्य नै पार्दछ । यस्ता कुराहरूलाई मध्यनजर गर्दा हामी व्यवहारिक रुपले अपरिपक्क र काममा परिस्कृत भई नसकेको स्पष्टै देखिन्छौं । यी कुराहरूलाई हामी सबैले सुधार गर्नु पर्ने देखिन्छ । आगमी दिनहरूमा पनि यसै गरी बढ्ने हो भने त्यस्ता कार्यहरूले खासै राम्रो पक्षलाई समेट्न सक्ने छैन् । बरु हामीमा नै दुविधा र समस्याहरू जन्माइ दिनेछन् । समस्त किरात-राई समुदायको लागि अमेरिकामा KRSA यस्तै समस्याहरू सुल्झाउने उद्देश्य अनुरुप अगाडि बढिरहेको संस्था भएको हुनाले यस्ता मामिलाहरू बारे मार्गदर्शक हुन सक्नु पर्ने देखिन्छ । यी कामहरू गर्नलाई KRSA ले ठूलै चुनौतीहरूको सामना गर्नु

पर्नेछ । किनभने राईहरूलाई समेट्न खोज्न भनेको मामुली काम होइन । राम्रो र सही काम असल नियतले गर्नलाई निश्चितै सहज छैन । तैपनि KRSA ले नेतृत्वदायी भूमिका निर्वाह गर्नैपर्ने देखिन्छ किनभने यसको विकल्प छैन् । यस्ता मुद्धाहरूलाई सुल्झाउन सके यो संस्था, यसको उद्देश्य प्राप्ति तथा किरात राई समुदायलाई महत्वपूर्ण योगदान दिन सफल हुनेछ । परिणामतः उचित कार्यको जस पाउने हक KRSA मा सुरिक्षत रहने छ । यसका बावजुद "The Kirat-Rai Soceity of America" भन्ने संस्थाको औचित्य सिद्ध हुनेछ ।

**उपसंहारः**

द किरात राई सोसाइटी अफ अमेरिका र यस सित प्रत्यक्ष-अप्रत्यक्ष सरोकार राख्ने विषयबस्तुहरूलाई केलाउँदा, यो संस्था सजिलो अवस्थामा रहेको देखिन्दैन । यसले भविष्यमा हिड्नु र पुग्नु पर्ने गन्तव्य निकै टाढा देखिन्छ । यस संस्थालाई हामी सबैको सहयोगको खाचो छ, र यसले अपेक्षा पनि लिएको देखिन्छ । जसबाट KRSA लाई आफ्नो भूमिका निर्वाहका साथै चुनौतीहरूको सामना गर्न सजिलो होस । त्यसैले कुनै पनि संस्थामा रहेका व्यक्तिहरू प्रयासरत, सवल र उनीहरूमा संगठन संचालन तथा व्यवस्थापनप्रति सहि अनुभव, ज्ञान, चिन्तन भएर मात्र पुग्दैन । यसका लागि संस्थालई नैतिक समर्थन आवश्यक पर्दछ । अझ संस्थालई वलियो तुल्याउन आर्थिक सहयोगको अति नै खाचो पर्दछ । त्यसकारण हामी सबैले आफ्ना नीजि एवं सार्वजानिक जीवनको अलवा वचेका केही समयलाई कर्तव्य ठानी यस सामाजिक कार्यमा प्रदान गर्दै सक्दो आर्थिक सहयोग गरिएको खण्डमा त्यही नै The Kirat Rai Society of America को लागि सर्वोपरि हुनेछ ।

**नोटः**

मे २१, २००६ कोलोराडोमा आयोजित साकेवा तथा वैठकमा प्रस्तुतिको लागि तयार पारिएको कार्यपत्र ।